# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

अर्जुनचौपारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्जुनचौपारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

बैठक सं. ५१
मितिः २०८२/११/१०

**<u>एजेण्डाहरुः</u>**

१. समीक्षा सम्बन्धमा।
२. निजी जग्गाबाट ढुङ्गा उत्खननका लागि IEE/BES सम्बन्धमा।
३. नवग्रह कृषि फर्ममा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धमा।
४. साना सिँचाई प्रर्वधन कार्यक्रम सम्बन्धमा।
५. १८ औं अधिवेशनबाट स्वीकृत योजना सञ्चालन सम्बन्धमा।
६. पहिचान तथा राज्यका सेवासुविधाबाट वञ्चित व्यक्तिहरूको स्थानीय अभिलेखीकरण र सेवा पहुँच सुनिश्चितता सम्बन्धी कार्यविधि, २०८२
७. विविध

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाबाट प्रवाह हुँदै आएका सेवा, सञ्चालनमा रहेका कार्यक्रम तथा समग्र प्रशासनिक कार्यसम्पादनको बारेम समीक्षा गरियो। समीक्षा क्रममा प्राप्त सुझाव तथा पृष्ठपोषणलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी, उत्तरदायी तथा सेवाग्राहीमैत्री बनाउने विषयगत शाखाहरुलाई निर्देशन प्रदान गर्ने सर्वसम्मत  निर्णय गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र पर्ने निजी जग्गाबाट ढुङ्गा उत्खनन कार्य सञ्चालन गर्न प्रचलित कानुन बमोजिम वातावरणीय प्रभाव मूल्यांकन (IEE) वा प्रारम्भिक वातावरणीय परीक्षण (BES) अध्ययन अनिवार्य रहेको हुँदा सम्बन्धित जग्गाधनी/उद्यमीले उत्खनन कार्य प्रारम्भ गर्नु पूर्व आवश्यक IEE/BES प्रतिवेदन तयार गरी स्वीकृत गराउने तथा सो कार्यका लागि आवश्यक समन्वय, प्रक्रिया र व्यवस्थापन मिलाउने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०८२/१०/१६ गतेको कार्यपालिका निर्णयानुसार अर्जुनचौपारी गाउँपालिकाले सञ्चालन गरेको नवग्रह कृषि फर्मको प्रभावकारी सञ्चालन, कृषि उत्पादनको गुणस्तर अभिवृद्धि तथा प्राविधिक सेवाको नियमितता सुनिश्चित गर्न आवश्यक

अर्जुनचौपारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अर्जुनचौपारी, स्याङ्जा गण्डकी प्रदेश, नेपाल २०७३

बैठक सं. ५१
मितिः २०८२/११/१०

प्राविधिक जनशक्ति व्यवस्थापन गर्नका लागि प्राविधिक विना रानालाई मिति २०८२/११/०१ गते देखि दैनिक ज्यालादारीमा नियुक्ति गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ का लागि संघीय सशर्त अनुदान अन्तर्गत सिँचाइ प्रवर्द्धन कार्यक्रमका लागि अर्जुनचौपारी गाउँपालिकालाई विनियोजित भएको बजेटबाट पालिका भित्र कृषि उत्पादन वृद्धि र किसानलाई वर्षभरि सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्यले स्वीकृत कार्यक्रम, मापदण्ड तथा बजेटको परिधिभित्र रही आवश्यकता एवम् सम्बन्धित वडाको सिफारिसका आधारमा कृषक/कृषक समूहलाई पाइप र प्लाष्टिक पानी सङ्कलन टङ्की वितरण गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५**

प्रस्ताव ५ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका गाउँसभाको १८ औं हिउँदे अधिवेशनबाट स्वीकृत भएका योजना/कार्यक्रमहरु मिति २०८२ चैत्र मसान्त भित्र सम्झौता गरी सञ्चालनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्र रहेका विभिन्न कारणले राज्यका सेवासुविधा प्राप्त गर्न वञ्चित नागरिकहरु पहिचान गरी स्थानीय अभिलेखीकरण गर्न तिनको सेवा पहुँच सुनिश्चित गर्ने आवश्यक देखिएको हुँदा अर्जुनचौपारी गाउँपालिकाको पहिचान तथा राज्यका सेवासुविधाबाट वञ्चित व्यक्तिहरूको स्थानीय अभिलेखीकरण एवम् सेवा पहुँच सुनिश्चितता सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५१

मितिः २०८२/११/१०

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ (क) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाभित्रका सम्पूर्ण वडामा जग्गा वर्गीकरण सम्बन्धी कार्य सम्पन्न भएकोमा केही वडाहरूमा जग्गा वर्गीकरण हुन छुट भएकोमा छुट भएका तपसिल बमोजिमका जग्गाहरूलाई वर्गीकरणका लागि सम्बन्धित निकायमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपसिलः**

| सि.नं. | साविक गा.वि.स | वडा नं | | कित्ता नं | भएको किसिम | हुनुपर्ने किसिम | आधार |
|---|---|---|---|---|---|---|---|
| | | हाल | साविक | | | | |
| १ | दरौं | ६ | ९ | ७८२ | वर्गीकरणमा छुटेको | कषि | आवसको लागि उपयुक्त नरहेको |
| २ | अर्जुनचौपारी | २ | ६ | १२९५<br>१२९७ | वर्गीकरणमा छुटेको | कषि | आवसको लागि उपयुक्त नरहेको |
| ३ | अर्जुनचौपारी | १ | १ | ५८७,५८९,५२,<br>११२,१६०,१८<br>३,८६,८७ | वर्गीकरणमा छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| ४ | अर्जुनचौपारी | १ | २ | १२९२ | वर्गीकरणमा छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| ५ | अर्जुनचौपारी | २ | ६ | १८२० | वन | आवस | अर्जुनचौपारी - लामडाँडा सडक बाट १०० मि भित्रको कित्ता व्याक्तिगत लालपुर्जा कायम रहेको |
| ६ | अर्जुनचौपारी | १ | ५ | ५८६४ | वर्गीकरणमा छुटेको | आवस | अर्जुनचौपारी सडक बाट १०० मि भित्रको कित्ता,हाल आवस रहेको |
| ७ | दरौं | ६ | १ | ९०२,१४७८ | वर्गीकरणमा छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५१
मितिः २०८२/११/१०

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ (ख) माथि छलफल गर्दा आर्थिक वर्ष २०८३/०८४ का लागि अर्जुनचौपारी गाउँपालिका भित्रका बेरोजगार नागरिकहरूलाई न्यूनतम रोजगारी कार्यक्रममार्फत आयआर्जनमा आवद्ध गराई जीवनस्तर सुधार गर्ने उद्देश्यले न्यूनतम रोजगार कार्यक्रममा सूचीकृत हुनका लागि सूचना आव्हान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ (ग) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाले मिति २०८२/०६/२१ मा प्रकाशित सूचना अनुसार पालिकाभित्रका सम्पूर्ण खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरूबाट मर्मत सम्भारका लागि निवेदन आह्वान गरिएकोमा कार्यालयमा प्राप्त निवेदनहरूको अध्ययन एवम् आवश्यकताको आधारमा पालिका भित्रका तपसिल बमोजिमका खानेपानी योजनाहरूको मर्मत सम्भार कार्य गर्न आवश्यक देखिएकाले उक्त योजनाहरू खानेपानी व्यवस्थापन तथा मर्मत शीर्षकबाट प्राविधिक लागत अनुमान अनुसार बजेट व्यवस्था गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

<u>तपसिलः</u>

| सि.नं. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | आग्रीखर्क खानेपानी योजना | अर्जुनचौपारी गा.पा.-३ | |
| २. | बाङ्गेबजार खानेपानी योजना | अर्जुनचौपारी गा.पा.-३ | |
| ३. | मुसुरबारी रातमाटा खानेपानी योजना | अर्जुनचौपारी गा.पा.-६ | |
| ४. | दरौं ५,६,७ खानेपानी मर्मत | अर्जुनचौपारी गा.पा.-६ | |
| ५. | सिरिनडाँडा खानेपानी योजना | अर्जुनचौपारी गा.पा.-३ | |
| ६. | बाटुली बायाढुङ्गा खानेपानी योजना | अर्जुनचौपारी गा.पा.-२ | |
| ७. | पञ्चकन्या मा.वि.खानेपानी व्यवस्थापन | अर्जुनचौपारी गा.पा.-१ | |
| ८. | बाटाघर खानेपानी योजना | अर्जुनचौपारी गा.पा.-६ | |
| ९. | काफलडाँडा खानेपानी योजना | अर्जुनचौपारी गा.पा.-५ | |
| १०. | काउरे दलित बस्ती खानेपानी योजना | अर्जुनचौपारी गा.पा.-५ | |
| ११. | कवरे खानेपानी योजना | अर्जुनचौपारी गा.पा.-६ | |
| १२. | छाप सिरबारे खानेपानी योजना | अर्जुनचौपारी गा.पा.-३ | |
| १३. | पिपलडाँडा स्वाँरा खानेपानी योजना | अर्जुनचौपारी गा.पा.-१ | |

| | | | |
|---|---|---|---|
| १४. | काउरे अलैचीबारी खानेपानी योजना | अर्जुनचौपारी गा.पा.-५ | |
| १५ | रैते ख खानेपानी योजना | अर्जुनचौपारी गा.पा.-१ | |

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ (घ) माथि छलफल गर्दा राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना इकाइ कार्यालय, स्याङ्जाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक विकास कार्यक्रम अन्तर्गत भैंसी सुपरजोन कार्यक्रम तर्फ अर्जुनचौपारी गाउँपालिकाका वडा नं. १, २, ३ र ४ एवम् बाख्रा पकेट ब्लक कार्यक्रम तर्फ वडा नं. ४, ५ र ६ लाई समावेश गराई कार्यक्रम सञ्चालनका लागि राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना इकाइ कार्यालयलाई सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ (ङ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. २ स्थित श्री अग्रदीप युवा परिवारको आयोजनामा मिति २०८२/०९/१५ देखि मिति २०८२/०९/२० गतेसम्म सञ्चालन गरेको अन्तर वडास्तरीय खुल्ला भलिवल प्रतियोगिताका लागि जिल्ला/पालिकास्तरीय खेलक'द कार्यक्रम (राष्ट्रपति रनिङ शिल्ड, खेल सहायता र खेलकूद सामाग्री खरिद समेत) शीर्षकबाट रु. ८२,०००/- (अक्षरुपी बयासी हजार रुपैयाँ मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ (च) माथि छलफल गर्दा टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा मिति २०८२ माघ ९ गतेदेखि १७ गतेसम्म पोखरा रंगशाला सञ्चालन गरेको छैटौं टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्लब च्याम्पियनसिप महिला तथा पुरुष भलिबल प्रतियोगिताका लागि जिल्ला/पालिकास्तरीय खेलक'द कार्यक्रम (राष्ट्रपति रनिङ शिल्ड, खेल सहायता र खेलकूद सामाग्री खरिद समेत) शीर्षकबाट रु. २०,०००/- (अक्षरुपी बिस हजार रुपैयाँ मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५१

मितिः २०८२/११/१०

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ (छ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता एवम् सूचीकृत रहेका आमा समूहहरूको क्षमता विकास तथा संस्थागत सुदृढीकरणका लागि मिति २०८२/१०/१९ गते प्रकाशित आमा समूहहरूको आवश्यकता माग संकलन सम्बन्धी सूचना बमोजिम प्राप्त मागका आधारमा तपसिल बमोजिमका आमा समूहहरूलाई आवश्यक सामग्री खरिद गर्न अधिकतम रु. १,००,००० (एक लाख रुपैयाँ) सम्मको लागतमा ५० प्रतिशत अनुदान रकम आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत रहेको आमा समूह/बाल क्लब/ज्येष्ठ नागरिक/युवा क्लब शीर्षकबाट उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

<u>तपसिलः</u>

| सि.नं. | आमा समूहको नाम | ठेगाना |
|---|---|---|
| १. | श्री बगाहखेत आमा समूह | अर्जुनचौपारी गा.पा.-१ |
| २. | श्री भट्टमासे आमा समूह | अर्जुनचौपारी गा.पा.-२ |
| ३. | श्री परिवर्तनशिल आमा समूह | अर्जुनचौपारी गा.पा.-६ |
| ४. | श्री कैशाल आमा समूह | अर्जुनचौपारी गा.पा.-६ |
| ५. | श्री सल्यान देउराली भेडाबारी आमा समूह | अर्जुनचौपारी गा.पा.-६ |
| ६. | श्री तल्लोबजार आमा समुह | अर्जुनचौपारी गा.पा.-१ |

धन बहादुर गुरुङ
प्रवक्ता

धन बहादुर गुरुङ
प्रवक्ता